**प्रेस विज्ञप्ति**

# दक्षिण एसियामा साँस्कृतिक संरक्षणका लागि ब्रिटिस काउन्सिलको कल्चरल प्रोटेक्सन फन्डमार्फत अनुदानका लागि आवेदन खुला

२ जुलाई २०२६, नेपाल



खासगरी द्वन्द्व र जलवायु परिवर्तनका कारण जोखिममा परेका साँस्कृतिक सम्पदाको संरक्षणका लागि नेपालसहित १७ वटा देशमा नयाँ चरणको अनुदान सहायता दिने घोषणा गर्न पाउँदा ब्रिटिस काउन्सिलको साँस्कृतिक संरक्षण कोष (सिपिएफ) खुशी व्यक्त गर्दछ ।

साँस्कृतिक संरक्षण कोष (कल्चरल प्रोटेक्सन फन्ड) नेपालमा सञ्चालन भएको १० बर्ष पुरा भएको छ । र, यहाँका समुदायलाई सशक्त बनाउन तथा इतिहास र उनीहरुको पहिचानका साथै आपसी सम्बन्धसँग प्रत्यक्ष रुपमा जोडिएका सम्पदाको संरक्षणका लागि सहयोग गरिरहेको छ ।

नेपालमा यस कोषमार्फत् सञ्चालित परियोजना निम्न अनुसार छन्:

१. मैथिली महिलाले तयार पार्ने कलात्मक भित्तेचित्र र मूर्तिकलाको संरक्षण र पुनर्जीवनका लागि जनकपुर महिला विकास केन्द्र (Janakpur Women's Development Center)

अनुदान रकमः पाउण्ड स्टर्लिङ ५०,०००

२. शे-फोक्सुन्डो राष्ट्रिय निकुन्ज (डोल्पा) को उच्च हिमाली क्षेत्रको सांस्कृतिक सम्पदा संरक्षणका लागि

अनुदान रकमः पाउन्ड स्टर्लिङ ३६,९०८

३. कुसुन्डा जातिको भावी पुस्ताका लागि भाषा र संस्कृतिको संरक्षणका लागि अर्काइभ नेपाल

अनुदान रकमः पाउन्ड स्टर्लिङ ४५,९६३

४. नेपालमा आदिवासी खाद्य सम्पदाको संरक्षणका लागि राष्ट्रिय आदिवासी महिला महासंघ

अनुदान रकमः पाउन्ड स्टर्लिङ  ५०,०००

अनुदान घोषणाको अवसरमा ब्रिटिस काउन्सिल नेपालका राष्ट्रिय निर्देशक रुस्तम मोदीले भन्नुभयो- “सांस्कृतिक सम्पदाले समुदायका कथा, प्रचलित परम्परा र पहिचान बोकेकोले यिनको संरक्षण आगामी पुस्ताका लागि निकै महत्वपूर्ण छ । हामीले बढीमा पाउन्ड स्टर्लिङ ५००,००० सम्मका अनुदानमार्फत सांस्कृतिक सम्पदा संरक्षणमा काम गर्ने व्यक्ति र संस्थालाई सहयोग गर्न लक्ष्य राखेका छौं । यसका साथै उनीहरुको सीप विकास र अन्तर्राष्ट्रिय जगत्मा सम्बन्ध विस्तार तथा साँस्कृतिक संरक्षणको भविष्य निर्माणमा व्यक्ति र संस्थालाई नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने बनाउन चाहन्छौं ।”

**आवेदनका लागि निर्धारित मितिः**

माथि उल्लेखित अनुदानका लागि इच्छुक व्यक्ति वा संस्थाले २० जुलाई २०२६, सोमबार राति ११:५९ बजेसम्ममा आवेदन दिनुपर्नेछ । आवेदन पेश गर्नुअघि कल्चरल प्रोटेक्सन फन्डको वेवसाइटमा उपलब्ध आधिकारिक आवेदन निर्देशिका तथा विस्तृत रुपमा व्याख्या गरिएको बारम्बार सोधिने प्रश्न (FAQs) राम्ररी ध्यानपूर्वक अध्ययन गर्न आग्रह गरिन्छ ।

**अनुदान र योग्यता**

प्रस्तावित परियोजनाले निम्न देशहरुमा जोखिममा रहेका सांस्कृतिक सम्पदाको संरक्षण गर्नुपर्ने सर्त राखिएको छ ।

- दक्षिण एसिया: बंगलादेश, नेपाल, पाकिस्तान
- मध्यपूर्व र उत्तरी अफ्रिका क्षेत्र: इजिप्ट, इराक, जोर्डन, लेबनान, लिबिया, प्यालेस्टाइन, सिरिया, ट्युनिसिया वा यमन
- पूर्वी अफ्रिका: इथियोपिया, केन्या, सुडान, तान्जानिया वा युगान्डा

इच्छुक संस्थाले पाउन्ड स्टर्लिङ ५००,००० सम्मको अनुदानका लागि आवेदन दिन सक्ने व्यवस्था गरिएको छ । आवेदनसम्बन्धी निर्देशिका र आवेदन दिनका लागि लिंक थाहा पाउन ब्रिटिस काउन्सिलको **कल्चरल प्रोटेक्सन फन्डको वेवसाइटमा हेर्नुहोस् ।**

**थप जानकारीका लागि कृपया निम्न इमेल ठेगानामा सम्पर्क गर्नुहोस्:**
**general.enquiry@britishcouncil.org.np**

## **कल्चरल प्रोटेक्सन फन्ड**बारे

साँस्कृतिक संरक्षण कोष (**कल्चरल प्रोटेक्सन फन्ड**) जोखिममा परेको साँस्कृतिक सम्पदाको संरक्षणका लागि संयुक्त अधिराज्य (युके) ले अघि सारेको एक प्रमुख अन्तर्राष्ट्रिय पहल हो । संयुक्त अधिराज्यको संस्कृति, मिडिया र खेलकुद सम्बन्धी मन्त्रालय (Department for Culture, Media and Sport –DCMS) सँगको साझेदारीमा ब्रिटिस काउन्सिलको नेतृत्वमा सञ्चालित यस कोषले सन् २०१६ देखि २० वटा देशमा १ सय ६० वटा परियोजनालाई सहयोग उपलव्ध गराएको छ । यस कोषले विश्वमा सबैभन्दा चुनौतीपूर्ण परिस्थितिको समेत सामना गरिरहेका समुदायमा साँस्कृतिक सम्पदाले उनीहरुलाई सशक्त तुल्याउन निरन्तर योगदान दिनेछ भन्ने सुनिश्चित गरेको छ ।

## **ब्रिटिस काउन्सिलबारे**

ब्रिटिस काउन्सिल संयुक्त अधिराज्य (युके) को साँस्कृतिक र शैक्षिक गतिविधिका लागि क्रियाशील अन्तराष्ट्रिय संस्था हो । ब्रिटिस काउन्सिलले संयुक्त अधिराज्य र अन्य देशका नागरिकबीच सम्वन्ध विस्तार

गर्दै, एक-अर्काको बुझाइलाई परिस्कृत गर्दै तथा आपसी विश्वास र भरोसा निर्माण गर्दै शान्ति र समृद्धिका लागि सहयोग गर्दछौं । उक्त कार्य हामीले कला, संस्कृति, शिक्षा र अंग्रेजी भाषासम्बन्धी कार्यक्रममार्फत गरिरहेका छौं । हामी २ सय भन्दा बढी मुलुक र भूभागका नागरिकसँग काम गर्छौं । सन् २०२४-२०२५ मा ब्रिटिस काउन्सिल ६०० मिलियन व्यक्तिसमक्ष पुगेको छ । www.britishcouncil.org